नेपाल सरकार

# स्वास्थ्य बीमा बोर्ड

बबरमहल, काठमाण्डौं

च.नं. ०८०।८१
प.सं. १२६८

मिति: २०८१।०२।३२

श्री लाईफगार्ड अस्पताल प्रा.ली.
बिराटनगर-५, बरगाछी

विषय: स्वास्थ्य बीमा कार्यक्रम स्थगन गरिएको सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा त्यस अस्पतालले स्वास्थ्य बीमामा आबद्ध नागरिकको उपचार गर्दा बिरामीसँग छुट्टै रकम असुल गरेको लगायतका अन्य विषयहरूमा विभिन्न सञ्चार माध्यममा प्रकाशित समाचार, हेलो सरकारबाट प्राप्त गुनासो, व्यक्तिगतरूपमा प्राप्त गुनासो र सोही विषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीबाट समेत प्राप्त पत्रका सम्बन्धमा तहाँ अस्पतालमा अनुगमन तथा छानबिन गर्न गठित समितिले स्थलगत अध्ययनकै क्रममा इमेल मार्फत पठाएको प्रारम्भिक प्रतिवेदनमा शंकास्पद विवरण पेश गरी भुक्तानी लिएको देखिएकोले स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम १९.(ख) बमोजिमको कसुर हुने कार्य गरेको पाईएको हुनाले मिति २०८१।०२।३२ गते देखि लागु हुने गरी सोही नियमावलीको नियम १९.(३) बमोजिम हाललाई तीन महिना स्वास्थ्य बीमा कार्यक्रम सेवा स्थगन गरिएको छ साथै आजका मितिसम्म भर्ना भएका बिरामीको हकमा बोर्डबाट निर्णय गरी भुक्तानीमा सहजिकरण गरिने व्यहोरा मिति २०८१।०२।३२ को स्वास्थ्य बीमा बोर्ड (कार्यकारी निर्देशकस्तर) निर्णयानुसार अनुरोध छ।

यशोदा अर्याल
शाखा अधिकृत

बोधार्थ

श्री सूचना प्रविधि शाखा: बीमा व्यवस्थापन सूचना प्रणाली (IMIS) बाट मिति २०८१।०२।३२ गते राति १२ बजेदेखि स्थगनको व्यवस्था मिलाउनु हुन ।

श्री आर्थिक प्रशासन शाखा, स्वास्थ्य बीमा बोर्ड ।

श्री नीति योजना शाखा: अभिलेख व्यवस्थापन गर्नु हुन ।